१९. सहकारी संघ, संस्थामा आवद्ध सदस्यहरुको उद्यमशीलता विकास गरी उत्पादनमूलक क्षेत्रमा आकर्षित गर्न सहकारी प्रवर्धन कोषलाई प्रभावकारी बनाइनेछ। सहकारी विकास कोषलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

२०. कार्यसम्पादन मूल्याङ्कनका आधारमा उत्कृष्ट सहकारी सङ्घ, संस्थालाई पुरस्कृत गरिनेछ। कमजोर अवस्थामा रहेकालाई सबलीकरण गर्न क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

२१. अनुमति तथा इजाजत नलिई सञ्चालन भएका सहकारीलाई कारबाहीको दायरामा ल्याइनेछ। समस्याग्रस्त सहकारीको अनुगमन गरी समस्या समाधानका लागि पहल गरिनेछ।

२२. घरजग्गा रजिष्ट्रेशन शुल्कलाई कारोबारमा आधारित बनाउन संस्थागत सुधार गरी यथार्थपरक बनाइनेछ। स्थानीय तहसँगको समन्वयमा प्रदेश भू-उपयोग योजना तर्जुमा गर्ने कार्य अघि बढाइनेछ।

**माननीय सभामुख,**

२३. **"स्वदेशी उत्पादनको उपयोग, समृद्ध प्रदेश निर्माणमा सहयोग"** भन्ने मूल नाराका साथ प्रदेशमा उत्पादन भएका वस्तुहरुको प्रयोग बढाउँदै जाने व्यवस्था मिलाइनेछ। स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापनामा विशेष छुट एवम् सुविधा

उपलब्ध गराइनेछ। त्यस्ता उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थको आपूर्तिमा सहजीकरण गरिनेछ।

२४. लुम्बिनी प्रदेशका प्रत्येक जिल्लामा स्थानीय कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ। स्थानीय उत्पादनको बजारीकरणका लागि स्थानीय तह, निजी क्षेत्र र सहकारी सङ्घ संस्थासँगको सहकार्यमा कोशेली घर स्थापना र सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

२५. व्यवसाय दर्ता, नवीकरण जस्ता कार्यलाई विद्युतीय प्रणालीमा आवद्ध गरिनेछ। नवीकरण हुन नसकेका तथा रुग्ण उद्योग एवम् वाणिज्य फर्मलाई निश्चित अवधि तोकी एक पटकका लागि कर छुट तथा सहुलियत प्रदान गरी नवीकरण, सञ्चालन र पुनर्स्थापना गर्न प्रोत्साहन गरिनेछ। उद्यमीहरुलाई उत्प्रेरित गर्न उद्यम विकास कोषको प्रभावकारी परिचालन गरिनेछ।

२६. बजारमा खाद्य वस्तुको सहज उपलब्धता, गुणस्तर तथा उचित मूल्य कायम राख्नको लागि सूचकका आधारमा गरिने बजार अनुगमन तथा नियमन कार्यलाई थप प्रभावकारी बनाइनेछ। खाद्य वस्तुको कृत्रिम अभाव तथा मूल्य नियन्त्रण गर्न आवश्यक नीतिगत एवम् कानुनी प्रबन्ध गरिनेछ। उपभोक्ता अधिकारको संरक्षण गर्न जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ। दुर्गम

जिल्लामा सुपथ मूल्य पसल सञ्चालनको कार्यलाई विस्तार गर्दै लगिनेछ।

२७. श्रम बजारको माग अनुरुप सीपयूक्त प्राविधिक जनशक्ति तयार गर्न विभिन्न व्यावसायिक सीपमूलक तालिम सञ्चालन गर्ने र सीप परीक्षण गरी प्रमाणपत्र जारी गर्ने व्यवस्था मिलाइनेछ। बुटवल प्राविधिक शिक्षालय र यस प्रदेशमा वैदेशिक सहायता तथा साझेदारीमा सञ्चालित बहुप्राविधिक शिक्षालय प्रदेश सरकारलाई हस्तान्तरण गर्नका लागि नेपाल सरकारसँग आवश्यक समन्वय गरिनेछ।

२८. ढुङ्गा, गिट्टी, बालुवाको सङ्कलन, उत्खनन र प्रशोधन गरी निर्माणजन्य सामग्रीको सर्वसुलभ आपूर्तिका लागि आवश्यक कानुनी व्यवस्था गरिनुका साथै स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ। विकास पूर्वाधार, मानवबस्ती र वातावरणमा प्रतिकूल असर नपर्ने गरी प्राकृतिक स्रोतको उपयोग गरिनेछ।

२९. प्रदेशमा उच्च सम्भावना भएका जैविक मल उत्पादन, एग्रो तथा हर्वल प्रोसेसिङ्ग, कागज, प्लाइउड, रिसाइकल, एसेम्बल तथा क्लिङ्कर लगायतका उद्योग स्थापनाका लागि सार्वजनिक जग्गा लिजमा उपलब्ध गराउने लगायत अन्य आवश्यक सहजीकरण गरिनेछ।

३०. रोजगारीका सम्भाव्य क्षेत्रको पहिचान, श्रमिक र रोजगारदाता बीचको अन्तरसम्बन्ध, सामाजिक सुरक्षा,

श्रमशक्ति व्यवस्थापन, असंगठित क्षेत्रमा कार्यरत श्रमिकलाई औपचारिक दायरामा ल्याउने प्रक्रिया लगायतका विषयहरु समावेश गरी श्रम तथा रोजगार नीति तर्जुमा गरिनेछ।

३१. संगठित तथा असंगठित क्षेत्रमा कार्यरत श्रमिकहरुको तथ्याङ्क सङ्कलन र अभिलेखीकरण गरी सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्दै लैजाने व्यवस्था मिलाइनेछ।

३२. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन आवश्यक सूचना, सीपयुक्त तालिम एवम् न्यायमा पहुँचको सुनिश्चितता गरी प्राप्त विप्रेषणको उत्पादनमूलक उपयोगको लागि स्थानीय तहसँगको समन्वयमा आप्रवासी स्रोत केन्द्र र उपकेन्द्रको स्थापना एवम् सबलीकरण गरिनेछ।

३३. वैदेशिक रोजगारीबाट फर्केका युवाहरुको ज्ञान, सीप, अनुभवको उपयोग गर्न सीप परीक्षणका कार्यक्रम सञ्चालन गरिनेछ। दक्ष व्यक्तिलाई प्रशिक्षकको रुपमा समेत परिचालन गरिनेछ।

३४. उद्यमशीलता प्रवर्धनमार्फत् रोजगारीका अवसरहरु सृजना गर्न प्रदेश तहका व्यावसायिक छाता संगठनसँगको सहकार्यमा नवप्रवर्तन तथा स्टार्टअप कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेशको समृद्धिमा युवा पुस्ताको योगदान बृद्धि गर्न प्रविधि, उद्यमशीलता र आयआर्जनमा जोडिने गरी

स्टार्टअप र इन्क्युवेसन लगायतका जेन् जी पुस्ता केन्द्रित कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

३५. **"नागरिकको योगदान: महिनाको एक दिन श्रमदान"** भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै प्रदेश र स्थानीय तहको सहकार्यमा श्रमको सम्मान र श्रमदान गर्ने कार्य संस्कृतिको विकास गर्दै लगिनेछ।

३६. सवारी साधनको विवरण विद्युतीय प्रणालीमा अभिलेखीकरण गरिनेछ। राजस्व भुक्तानीलाई अनलाईन प्रणालीमा आबद्ध गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।

३७. यातायात व्यवस्था कार्यालयबाट प्रवाह हुने सेवालाई पारदर्शी, मितव्ययी, सरल र सेवाग्राहीमैत्री बनाइनेछ। सवारी चालक अनुमतिपत्र प्राप्त गर्ने प्रक्रियालाई व्यवस्थित बनाई त्यस्तो अनुमतिपत्र निश्चित समयसीमा भित्रै प्राप्त हुने व्यवस्था मिलाइनेछ।

३८. **"मोबाईल हातमा: यातायातको सेवा साथमा"** भन्ने मान्यताका साथ सवारी साधनको दर्ता, नवीकरण, राजस्व, दण्ड जरिवाना तथा सवारी धनी एवम् चालकका लागि दिनुपर्ने सूचना र सवारी साधनको विवरण अनलाइन पद्धतिबाट प्राप्त हुने व्यवस्था मिलाइनेछ।

३९. सवारी दुर्घटना सम्भावित क्षेत्रहरुमा जोखिम संकेत र सूचना पाटीको प्रयोग बढाउँदै लगिनेछ। विद्यार्थी-ट्राफिक कार्यक्रमलाई आवश्यकता अनुसार विस्तार गर्दै

लगिनेछ। नयाँ दर्ता हुने सार्वजनिक सवारी साधनमा जी.पी.एस. प्रणाली जडान गर्न प्रोत्साहन गरिनेछ।

४०. संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सवारी साधनको फिटनेस परीक्षण सेवा उपलब्ध गराउन यातायात व्यवसायसँग सम्बन्धित सङ्घ संस्थाहरुलाई प्रोत्साहन गरिनेछ।

**माननीय सभामुख,**

४१. प्राचीन स्मारक, पुरातात्त्विक एवम् सांस्कृतिक सम्पदा तथा पर्यटकीय क्षेत्रको संरक्षण र प्रवर्धन गरी पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास गरिनेछ।

४२. प्रदेशभित्रका सबै मौलिक भाषा, भेषभुषा, धर्म, संस्कार, संस्कृति, कला, साहित्य, सङ्गीत लगायतका विषयहरु संरक्षण, प्रवर्धन र पुस्तान्तरण गर्न कानुन बमोजिम लुम्बिनी प्रज्ञा प्रतिष्ठान गठन गरिनेछ।

४३. प्रदेशभित्रका सबै जातजाति, भाषाभाषी, धर्मावलम्बी एवम् सम्प्रदायको मौलिक सँस्कृतिको संरक्षण तथा प्रवर्धन गरी साँस्कृतिक ग्रामको रुपमा विकास गर्न स्थानीय तह र समुदायस्तरमा सहकार्य गरिनेछ।

४४. प्रदेशभित्रका पर्यटकीय क्षेत्रलाई आकर्षक गन्तव्य स्थलको रुपमा विकास गर्न रुकुम (पूर्वी भाग) र रोल्पा जिल्लाका हिमाली तथा उच्च पहाडी क्षेत्रका मनोरम

स्थलमा साहसिक तथा साँस्कृतिक पर्यटकीय गतिविधि सञ्चालन गरिनेछ।

४५. ऐतिहासिक, साँस्कृतिक, पुरातात्विक, धार्मिक, जैविक एवम् प्राकृतिक महत्वका स्थान विशेषको संरक्षण गरी पर्यटन प्रवर्धन गर्न प्राचीन स्मारक तथा संग्रहालय व्यवस्थापन सम्बन्धी कानुन निर्माण गरिनेछ।

४६. प्रदेशको वैभवको रुपमा रहेको भगवान गौतम बुद्धको जन्मस्थल एवम् बुद्ध दर्शनको आध्यात्मिक केन्द्र लुम्बिनी यसै प्रदेशमा रहेको छ। लुम्बिनी विकास गुरुयोजना कार्यान्वयन एवम् लुम्बिनीको समग्र विकासमा प्रदेश सरकारको भूमिका, अपनत्व तथा सहभागिता वृद्धि गर्न आवश्यक देखिएको छ। लुम्बिनीको ऐतिहासिकता र बुद्ध दर्शनसम्बन्धी विषयको आधिकारिक सूचना सम्प्रेषण एवम् लुम्बिनी क्षेत्रको विकास र व्यवस्थापन सम्बन्धी कार्य समन्वयात्मक रुपमा अघि बढाउन लुम्बिनी सर्किटमा पर्ने स्थानीय तह र सम्बद्ध निकायको सहभागिता हुने गरी लुम्बिनी विकास प्राधिकरण गठन गर्ने प्रक्रिया अगाडि बढाइनेछ।

४७. लुम्बिनीलाई केन्द्र बनाई देवदह, रामग्राम, तिलौराकोट लगायतका सम्पदाहरु जोड्ने गरी बौद्ध सर्किटको विकास र प्रवर्धन गर्न नेपाल सरकारसँग समन्वय गरिनेछ। लुम्बिनी क्षेत्र सहित प्रदेशका महत्वपूर्ण

पर्यटकीय स्थलसम्बन्धी सूचना प्रवाह गर्न डिजिटल प्लेटफर्मको विकास गरिनेछ।

४८. शालग्राम र कालीगण्डकी नदीको महिमालाई प्रवर्धन गर्न उत्तर गण्डकी महास्नान तथा मेला आयोजना गरिनेछ। रुरु क्षेत्रको समग्र पर्यटन प्रवर्धन तथा विकासका लागि गुरुयोजना बमोजिमका कार्यक्रम कार्यान्वयन गर्दै लगिनेछ।

४९. नेपाल प्रवेश गर्ने स्थलमार्ग तथा विमानस्थलहरुमा पर्यटकीय गन्तव्य स्थलका सूचना र जानकारीहरु विद्युतीय प्रणालीबाट बहुभाषामा प्रकाशन तथा प्रदर्शन गर्ने व्यवस्था मिलाइनेछ।

५०. स्थानीय समुदायको आय आर्जनका लागि प्राकृतिक सौन्दर्यता, मौलिक संस्कृति, अर्गानिक तथा रैथाने खाना र कोशेली समेतको प्रवर्धन गरी होमस्टे सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

५१. मनोरम प्राकृतिक क्षेत्र, गुफा, पाटन, लेक, तालतलैया, झरना लगायत प्राकृतिक सम्पदाको संरक्षण गरी पर्यटन प्रबर्धन गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ।

५२. प्रदेशमा रहेका उच्च हिमाल आरोहणका लागि स्थानीय तहसँग सहकार्य गरी बेसक्याम्प तथा पर्यटक पदमार्ग निर्माण गरिनेछ।

५३. बाँकेको बागेश्वरी, दाङको छिल्लीकोट, बर्दियाको ठाकुरबाबा, प्युठानको स्वर्गद्वारी, अर्घाखाँचीको पाणिनी र सुपादेउराली, गुल्मीको रेसुङ्गा, पाल्पाको रानी महल, रुपन्देहीको जितगढी तथा नुवाकोटगढी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को बाबा बर्दगोरिया र पाल्ही भगवती, रोल्पाको जलजला, कपिलवस्तुको जगदीशपुर ताल एवम् शिवगढी तथा रुकुम (पूर्वी भाग) को मैकोट लगायतका महत्त्वपूर्ण धार्मिक, ऐतिहासिक तथा प्राकृतिक स्थलको संरक्षण गरी पर्यटन प्रवर्धन गरिनेछ।

५४. निजी क्षेत्रका व्यावसायिक छाता संगठनको साझेदारीमा लुम्बिनी प्रदेशका महत्वपूर्ण पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार गर्न आवश्यक सहजीकरण र प्रोत्साहन गरिनेछ।

५५. प्रदेशभित्रका महत्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थलहरुको प्रचार प्रसार, संरक्षण एवम् प्रबर्धन समेतलाई सहयोग पुग्ने गरी प्रदेश मन्त्रिपरिषद्को बैठक विभिन्न स्थानमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

**माननीय सदस्यहरु,**

५६. प्रदेश यातायात गुरुयोजना तयार गरी प्रादेशिक लोकमार्ग तथा प्रादेशिक सडकसम्बन्धी आयोजना छनौट गरिनेछ। आयोजना छनौट गर्दा पूर्व सम्भाव्यता अध्ययन र प्राथमिकीकरण गरेर मात्र वार्षिक कार्यक्रममा समावेश गरिनेछ। सडक, सडकपुल एवम् झोलुंगे पुल जस्ता